# गोदावरी नगरपालिका

## बज्रबाराही, ललितपुर

## बाल अधिकार समिति संचालन कार्यबिधि, २०७६

गोदावरी नगरपालिका, ललितपुर

**प्रस्तावना :**

**गोदावरी नगरपालिका क्षेत्र भित्र रहेका बालबालिकामा पर्न सक्ने जोखिम न्यूनिकरण तथा बालबालिकाहरुको अधिकार स्थापित गर्नको निमित्त नेपाल संबिधान २०७२ को धारा ३९, बालबालिका ऐन २०७५को दफा ६० र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम यो कार्यबिधि निर्माण गर्न वाञ्छनिय भएकोले निर्माण गरी कार्यपालिकाबाट पारित गरी लागु गरिएको छ ।**

## परिच्छेद १

**संक्षिप्त नाम र प्रारम्भ**

**१)यो कार्यबिधिको नाम  गोदावरी नगरपालिका बाल अधिकार समिति  कार्य संचालन कार्यबिधि २०७६ रहनेछ ।**

**२) परिभाषा :– बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा**

**क) गैर सरकारी संघसंस्था :–सरकारको स्वामित्व नभएको र सरकारको कार्यलाई सहयोग गर्ने खुलेको सस्था**

**ख) बाल अधिकार कर्मी :–बालबालिकाहरुको हितको सम्बन्धमा कार्यगर्ने ब्यक्ति वा सघ संस्था**

**ग) बाल मनोबिज्ञ :–बालबालिकाहरुको मनोबिज्ञान सम्बन्धमा बिज्ञता हासिल गरेको ब्यक्ति**

**घ) बाल अधिकार बिज्ञ :–बालबालिहरुको हक अधिकार सम्बन्धमा ज्ञान हुनुका साथै बालअधिकारको सम्बन्धमा पैरबी गर्ने ब्यक्ति**

**ङ) बाल संजाल :बालक्लबहरुको प्रतिनिधिहरुको प्रतिनिधित्व भई तयार भएको संस्था**

**च) सस्थागत बिद्यालय :नेपाल सरकारबाट नियमिति रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्त बिद्यालयलाई जनाउने छ ।**

**छ)बिशेष संरक्षण : अभिभावकको संरक्षण नपाएका र संरक्षणका लागि राज्यको सहयोग आवश्यकता भएको बालबालिकाहरुलाई जनाउनेछ ।**

**ज) अभिभावक बिहिनः बाबु आमा वा अभिभावकत्व नभएका बालबालिकाहरुलाई जनाउने छ ।**

## परिच्छेद २

**उदेश्य :– बाल बालिकाको सर्बोत्तम हित हुने गरी बालअधिकारलाई सुनिश्चित गर्न र असल नाागरिक निर्माण गर्न**

## परिच्छेद ३

**नगर बालअधिकार समिति गठन तथा काम कर्तब्यर अधिकार**

**१) नगर बाल अधिकार समिति**

(क) नगर उप प्रमुख वा निजले तोकिएको नगरकार्यपालिकाको सदस्य -  अध्यक्ष
(ख) सामाजिक विकास समितिको संयोजक :       सदस्य
(ग) बालअधिकारको क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाको प्रतिनिधिमध्ये अध्यक्षबाट मनोनित एक जना : सदस्य
(घ) नगर क्षेत्रभित्रको बालअधिकारकर्मीहरु मध्येबाट अध्यक्षले मनोनित गरेको एक जना  :  सदस्य
(ड) नगरक्षेत्र भित्रको बालगृहको प्रतिनिधिहरु मध्येबााट  छनौट भई आएको एक जना :सदस्य
(च) नगरक्षेत्र भित्रको सामुदायिक विद्यालयको शिक्षक महासंघको अध्यक्ष वा निजले तोकिएका  प्रतिनिधि : सदस्य
(छ) नगर शिक्षा शाखा प्रमुख वा निजले तोकिएको प्रतिनिधिः सदस्य
(ज) नगर स्वास्थ्य शाखा प्रमुख वा निजले तोकिएको प्रतिनिधिः सदस्य
(झ) नगर बाल संजाल प्रतिनिधि २ जना (१ बालक, १ बालिका) - सदस्य

(ञ) दलित, आदिबासी जनजाती ,पिछडा बर्ग सिमान्त कृत समुदायहरु मध्येबाट अध्यक्षले मनोनित गरेको एक जना प्रतिनिधि : सदस्य

(ट) नगरक्षेत्र भित्र संचालित संस्थागत बिद्यालयका सस्थापकहरु मध्येबाट नगर बालअधिकार समितिले मनोनित गरेको प्रतिनिधि एक जना : सदस्य

ठ) बाल मनोबिज्ञान वा बिभिन्न क्षेत्रमा बिज्ञता हासिल गरेका व्यक्तिहरु मध्येबाट अध्यक्षले बढीमा दुई जना प्रतिनिधि मनोनित गर्न सकिने छ ।

(ड) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य सचिव

आमन्त्रित :नगर प्रमुख , प्रमुख प्रशासकिय अधिकृत आमन्त्रितको रुपमा रहनु हुनेछ ।

**२) नगर बालअधिकार समितिको काम, कर्तब्य र अधिकार**

क) बालबालिकाहरुको हक हित संरक्षणका लागि नीति,निर्माण मापदण्ड, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने ।

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको(हिंसा, दुर्व्यवहार, बेचबिखनको जोखिममा रहेका,अभिभावक गुमाएका, बिपद्मा परेका, पारिवारिक आर्थिक अवस्था कमजोर भएका, अपाङ्ग भएका ) पहिचान गर्ने र अन्तरिम संरक्षणको व्यवस्था गर्ने/गराउने ।

(ग) बाल अधिकारको संरक्षण र सम्बर्द्धनका निमित्त चेतना अभिबृद्धि गर्ने, गराउने ।

(घ) बाल अधिकारकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी निकायहरु बीच समन्वय गर्ने

(ङ) बाल न्याय सम्बन्धी सेवा प्रदान गर्ने व्यक्ति वा संस्था एवं निकायहरुको सूची तयार पार्ने ।

**२.१** बैठक सम्बन्धी ब्यबस्था

नगर बालअधिकार समितिको महिनामा कम्तीमा एक पटक बैठक बस्नु पर्नेछ ।

२.२अनुगमन प्रतिबेदनर सजाय सम्बन्धी ब्यबस्था

क)नगर बालअधिकार समतिले बर्षमा कम्तीमा दुई पटक अनुगमन गर्नु पर्ने छ ।

ख) अनुगमन गर्दा न्यूनतम् मापदण्ड पुरा नगरेका बालगृहहरुलाई सुधारको लागि निर्देशन दिने १५ दिन भित्र लिखित जवाफ माग गर्ने, सुधारको लागि बढीमा तीन महिनाको समय प्रदान गर्ने एवं निर्देशन पालना नगरेमा कार्वाही स्वरुप बालबालिकाहरुको उद्धार गरी सो संस्था दर्ता खारेजीको समेत सिफारिस गर्न सकिनेछ ।

२.३ शुल्क सम्बन्धी ब्यबस्था

बालगृहको दर्ता/ दर्ता नबिकरण शुल्क नगरकार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

२.४ बालबालिका उद्धार सम्बन्धी ब्यबस्था

सडक बालबालिका, घरेलु बालश्रम तथा हिंसामा रहेका बालबालिकाहरुको उद्धार गरी पुर्नस्थापनाको लागि आवश्यक कार्य गरिनेछ ।

## परिच्छेद ४

**वडा बालअधिकार समिति गठन तथा काम कर्तब्य र अधिकार**

**४.१) वडा बाल अधिकार समिति**

क) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य - अध्यक्ष

ख) वडाभित्रका सामूदायीक बिद्यालयहरुका प्रध्यानाध्यापकहरु मध्येबाट अध्यक्षले तोकेको १ जना - सदस्य

ग) वडा स्वास्थ चौकी प्रमुख वा निजले तोकिएको प्रतिनिधिएक जना - सदस्य

घ) बालबालिकाको क्षेत्रमा कार्य गर्ने गैर सरकारी संस्थाको स्थानीय प्रतिनिधि वा सोहि क्षेत्रमा कार्य गर्ने व्यक्ति मध्येबाट अध्यक्षले तोकिएका १ जना - सदस्य

ङ) महिला समुह वा आमा समुह बाट १ जना - सदस्य

छ) वडाभित्रका बाल संजालको प्रतिनिधिहरु मध्येबाट २ जना (१ बालक, १ बालिका) - सदस्य

ज) आदिबासी ,जनजाती,दलित, पिछडा बर्ग, सिमान्तकृत समूदायहरु मध्येबाट अध्यक्षले मनोनित गरेको १जना प्रतिनिधि- सदस्य

झ) वडा महिला स्वयम सेबिका मध्ये अध्यक्षले मनोनित गरेको एक जना : सदस्य

झ) वडा कार्यालय सचिव : सदस्य सचिव

पुनश्च : वडा बाल अधिकार समितिमा बाल मनोबिज्ञ, बिभिन्न क्षेत्रमा बिज्ञता हासिल गरेका व्यक्तिहरु मध्येबाट अध्यक्षले बढीमा २जना प्रतिनिधि मनोनित गर्न सकिने ।

४.२ वडा बालअधिकार समितिको काम, कर्तब्य र अधिकार

(क) वडा भित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन गर्ने, अद्यावधिक गर्ने र नगर बालअधिकार समितिसमक्ष पेश गर्ने ।
(ख) वडा भित्र बालबालिकाहरुका क्षेत्रमा कार्यरत संघसंस्था, बालक्लब, मञ्च, समुह, लगायतका निकायहरुको फेहरिस्त तयार पारी नगर बालअधिकार समितिमा पेश गर्ने र यस्ता निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरी बालअधिकार सम्बन्धी प्रबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने/गराउने
(ग) बाल अधिकारको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी कार्यक्रमहरुको योजना तर्जुमा गर्ने र कार्यान्वयन गर्ने गराउने ।
(घ) वडा भित्र बालअधिकारको संरक्षण र सम्बर्द्धनका निमित्त चेतना अभिबृद्धि गर्ने गराउने ।
(ङ) बाल अधित्रकारको क्षेत्रमा स्थानीय संघसंस्थालाई कार्य गर्न उत्प्रेरित गर्ने ।
(च) वडा भित्र बालअधिकार हनन् भएका घटनाका सम्बन्धमा आएका उजुरीका सम्बन्धमा सम्बन्धित निकायसंग समन्वयकारी भूमिका निर्वाह गर्ने ।
(छ) आवश्यकता अनुसार बालबालिकाको निमित्त आकस्मिक सहयोगको व्यवस्था मिलाउने ।
(ज) बालसंरक्षणका विषयमा वकालत गर्ने र वडा समितिलाई बाल अधिकारको क्षेत्रमा प्रभावकारी सहयोग गर्ने ।
(झ)वडा भित्र बालबालिका सम्बन्धमा भए गरेका कार्यक्रमको प्रगति प्रतिबेदन तयार पार्ने र सम्बन्धित नगर बाल नगर बालअधिकार समिति समक्ष पेश गर्ने ।

परिच्छेद ५

कोष सम्बन्धी व्यवस्था

क) बाल अधिकार संरक्षण लागि आवश्यक पर्ने कोषको ब्यबस्थापन गर्ने र सोको लागि एक निर्देशिका तयार लागु गर्न सकिनेछ ।

५.१ वडा बाल अधिकार समिति बैठक सम्बन्धी व्यवस्था

क) वडा बालअधिकार समितिको महिनामा कम्तीमा एक पटक बैठक बस्नु पर्नेछ ।

परिच्छेद ६

यो कार्यबिधि प्रचलित कानुनसंग बाझिएको हदमा स्वतः अमान्य हुनेछ ।

परिच्छेद ७

आवश्यकता अनुसार यो कार्यबिधि परिमार्जन संसोधन गर्न सकिनेछ ।

परिच्छेद ८

बालअधिकार सम्बन्धमा अनुसुची १ बमोजिम छुट्टै छाप र झण्डा हुनेछ ।

आज्ञाले

वीरेन्द्रदेव भारती

प्रमुख प्रशासकीय अधिकृत

गोदावरी नगरपालिका, ललितपुर

गोदावरी नगरपालिका, ललितपुर